# दिक्तेल बहुमुखी क्याम्पस
# DMC त्रैमासिक बुलेटिन

वर्ष-१, अंक-१ (आषाढ-भाद्र) २०८०

**संरक्षक**
हिराकुमार राई (क्याम्पस प्रमुख)

**सल्लाहकारहरू**
कृष्ण बहादुर राई (सहायक क्याम्पस प्रमुख)
हर्कवीर राई (सहायक क्याम्पस प्रमुख)

**प्रधान सम्पादक :**
धनकर्ण श्रेष्ठ

**सम्पादकहरु**
लाल प्रशाद धिमिरे
संजीव थापा
सञ्जिव खडका
सुनिता राई

**प्रकाशक**
**Public Information Committee**
**दिक्तेल बहुमुखी क्याम्पस**
दिक्तेल, खोटाङ
प्रदेश नं. १
Provience: -1
फोन.न.-०३६ ४२०११९
*Phone No. – 036-420119*
*E-Mail :– diktelcampus@gmail.com*
*Website: diktelmultiplecampus.edu.np*

## सम्पादकीय

दिक्तेल बहुमुखी क्याम्पस खोटाङ जिल्लाको जनताहरूले आजभन्दा झन्डै आधा शताब्दी अगाडि स्थापना भएको विशुद्ध नाफारहित शैक्षिक धरोहर हो । आज यही संस्थाबाट आर्जित ज्ञान सिप र क्षमताको उपयोग गरेर विद्यार्थीहरूले आ-आफ्नो जीवनको रथ अगाडि बढाउँदै गईरहेका छन् । हिजोको दिनमा खोटाङलाई चाहिने जनशक्ती बाहिरको विभिन्न ठाउँहरूबाट बोलाएर सेवामा अनुबन्धन गर्ने अवस्थालाई आज दिक्तेल बहुमुखी क्याम्पसले यस अवस्थालाई उल्ट्याई दिनु अवश्य पनि सुखद पक्ष मानिन्छ ।

समयको परिर्वतनसंगै क्याम्पसले प्रकाशन गर्दै आएको मुखपत्र, जनरल, क्यालेण्डर, भित्ते पत्रिका, मासिक प्रगती प्रतिवेदन आदिले मात्र क्याम्पसका यथार्थ सूचनाहरू सरोकारवालाहरू समक्ष पुऱ्याउन नसकेको अवस्थामा त्रैमासिक बुलेटिन प्रकाशित गरी क्याम्पसका गतिविधिहरू सम्बधित सरोकारवालाहरू समक्ष पुऱ्याउने र उहाँहरूबाट पृष्ठपोषण लिएर क्याम्पसका गतिविधिहरूलाई सरोकारवाला समुदाय, अभिभावकहरू समक्ष पुऱ्याउन ढिलै भए पनि यो बुलेटिन प्रकाशित हुन थाल्नु सुखद पक्ष हो ।

समग्रमा क्याम्पसको समुनतीका लागि नागरिक समाज, बुद्धिजिवी, सञ्चार जगत्, विभिन्न पेशा कर्मी, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूको अमूल्य सल्लाह सुझावलाई दिक्तेल क्याम्पस सधैं खुल्ला हृदयले स्वागत गर्दछ । जुटौं, हामी सबै मिलेर दिक्तेल क्याम्पसलाई अझ समृद्ध बनाऔं ।

# सरोकारवालाहरूमा दिक्तेल बहुमुखी क्याम्पसको अपिल

विद्यार्थी, अभिभवक, प्राध्यापक, कर्मचारी तथा समुदायको संयुक्त परिवार नै यस क्याम्पसका प्रमुख सरोकारवालाहरूमा दिक्तेल बहुमुखी क्याम्पस निम्न अपील गर्दछ ।

क्याम्पस सबैको सार्वजनिक सम्पती भएको हुँदा यसको सुरक्षा, संरक्षण हेरचाह गर्नु सबैको साझा दायित्वको रूपमा बुझौँ, बुझाऔँ ।

क्याम्पस हाताभित्र जथाभावि फोहोर नफालौँ, पशुचौपायालाई छाडा र खुल्ला नछाडौँ ।

क्याम्पस हाताभित्र रोपिएका फुलबारी, बोट बिरूवाहरूको संरक्षण, हेरचाह गरी क्याम्पसको सौन्दर्यकरणलाई जोगाऔँ

विद्यार्थीहरू तोकिएको पोसाकमा ठिक समयमा उपस्थित भई कार्यतालिका अनुसार नियमित पठनपाठन गरौँ ।

शिक्षकहरूद्धारा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्धेश्य अनुसार शिक्षण गरी विद्यार्थीहरूको क्षमता विकासमा संलग्न होऔँ ।

कर्मचारीद्वारा क्याम्पसबाट प्रदान गरिने सबै प्रकारका सेवाहरू सेवाग्रहीहरूलाई सम्मानजनक व्यवहार गरी तुरून्त सेवा प्रदान गरौँ ।

अभिभावकहरू क्याम्पसमा नियमित उपस्थित भै आ–आफ्ना नानीहरूको पठनपाठन अवस्थाबारे बारम्बार जानकारी लिऔँ र काम विषेशले उपस्थित हुन नसकेको अवस्थामा प्रविधिको उपयोग गरी लिने दिने गरौँ ।

क्याम्पसले उपलब्ध गराउँदै आएका नियमित पठनपाठन बाहेकका सर्म्पूण सेवाहरू पुस्तकालय, कम्प्युटर ल्याव, चमेनागृह, इलाइब्रेरीहरूको उचित उपयोग गर्ने गराउने ।

भर्ना गर्न, परीक्षा फारम भर्न, परिचय पत्र बनाउन पुस्तकालय कारोवार गर्न प्रमाणपत्र लिन आफै उपस्थित होऔँ ।

क्याम्पसले संचालन गर्ने आन्तरिक परीक्षामा विद्यार्थीहरूको उपस्थित अनिवार्य गरौँ ।

अभिभावकहरूले समयमै विद्यार्थी भर्ना गर्न र तोकिएका शुल्कहरू नियमित बुझाऔँ ।

क्याम्पसले गरेका गतिविधि पठनपाठन सेवा प्रवाह आदिमा सम्बन्धित सरोकारवालाहरूले स्वस्थ सल्लाह सुझाव र परामर्श दिने बानी बसालौँ ।

# दिक्तेल बहुमुखी क्याम्पसका भौतिक अवस्था तस्विरमा



पुस्तकालय भवन




व्यवस्थापन संकाय भवन



पुस्तकालय

कम्प्यूटर प्रयोगशाला



क्याम्पस परिसर

# QAA सम्बन्धी PRT को Assessment visit

विश्वविद्यालय अनुदान आयोग (UGC) द्वारा QAA प्रयोजनका लागि गठित समकक्षी परीक्षण टोली PRT को अन्तिम अध्ययन भ्रमण सम्पन्न भएको छ । २०८० जेठ २८-३२ सम्मको ४ दिने अध्ययन भ्रमणमा PRT co-ordinator प्रा. डा. बासुदेव काफ्ले, सदस्य प्रा. डा. तारा चित्रकार र UGC, EQAAC सदस्य संविधा पाठक सहभागी हुनुभएको थियो । भ्रमणको अवधिमा परीक्षण टोली र क्याम्पसका बिभिन्न सरोकारवालाहरू, व्यवस्थापन समिति, प्राध्यापक, कर्मचारी, पूर्व विद्यार्थी, विद्यार्थी, जनप्रतिनिधिहरू बीच अलग अलग तथा सामुहिक रूपमा छलफल आयोजना गरिएको थियो । कार्यक्रममा स्वअध्ययन प्रतिवेदन (Self Study Report) को SAT का संयोजक श्री हर्कवीर राईले प्रकाश पार्नु भएको थियो । परीक्षण टोलीले चार दिनसम्म क्याम्पसका विविध पक्षहरूमा प्रत्यक्ष अवलोकन अध्ययन तथा मूल्याङ्कन गरी अन्तिम दिन एक बृहत कार्यक्रमका बीच बिभिन्न सुझावहरू सहित दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका प्रमुख तिर्थ भट्टराईले सक्दो सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नुका साथै क्याम्पस प्रमुख हिराकुमार राईले SSR परिमार्जन गरी समयमा नै UGC मा पेस गर्ने बताउनु भयो ।




## पूर्व विद्यार्थीहरुद्वारा क्याम्पसलाई खेलकुद सामाग्री हस्तान्तरण

२०८० भाद्र ११ गतेका दिन पूर्व विद्यार्थी मञ्चका उपाध्यक्षद्वय दान बहादुर राई र राजेन्द्र राई सचिव युवराज रिजाल कोषध्यक्ष फुर्वा शेर्पा सदस्यहरू दमन राई, इरन राईले दिक्तेल क्याम्पसलाई रू. ५००००/- मूल्य बराबरको विभिन्न खेलकुद सामाग्रीहरू क्याम्पस प्रमुख हिराकुमार राईलाई एक औपचारिक कार्यक्रममा हस्तान्तरण गरिएको थियो । उपलब्ध गराइएका सामाग्रीहरूमा भलिवल, फुटवल २/२ थान, भलिवल नेट ब्याटमिटन नेट, भलिवल पम्प र सटल सेट १/१ थान, र्‍याकेट र टेबलटेनिस ब्याट ४/४ थान चेसबोर्ड थान ५ र पिङपिङ थान ६ उपलब्ध गराइएको थियो । उक्त कार्यक्रममा सम्वोधन गर्दै क्याम्पस प्रमुख हिराकुमार राईले पूर्व विद्यार्थी मञ्चका पदाधिकारी लगायत सम्पुर्णलाई धन्यवाद दिनु भएको थियो । स्मरणीय छ गतवर्ष पनि पूर्व विद्यार्थी समाजको तर्फबाट र विद्यार्थीहरूको व्यक्तिगत तर्फबाट पुस्तकालयका लागि पुस्तक खरिदको व्यक्तिगत तर्फबाट नगद समेत प्राप्त भएको क्याम्पस श्रोतले जनाएको छ ।



## क्याम्पस जर्नल NEPJOL मा दर्ता सम्पन्न

दिक्तेल क्याम्पसका प्राध्यापकहरूद्वारा तयार पारिने अनुसन्धानमूलक लेख रचना प्रकाशित जर्नलहरू २०२० देखि DMC JOURNAL (Peer Reviewed Journal) को रूपमा प्रकाशित गरिँदै आएकोमा Volume -& Issue 6, 2022 लाई त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय Erosource NEPJOL शाखा कीर्तिपुरद्वारा २०८०।४।२१ मा दर्ता भएको छ ।


त्रिभुवन विश्वविद्यालय
केन्द्रीय पुस्तकालय

2023/04/21

Ubiquity Press, UK

www.nepjol.info website मा Hosting

NepJOL Database

त्रि. वि. केन्द्रीय पुस्तकालय (TU CEN Library)

NepJOL Section

## प्रविधि मैत्री कक्षा कोठा

बदलिदो समय र बढ्दो प्रविधिको विकाससँगै दिक्तेल बहुमुखी क्याम्पसले पनि विद्यार्थीहरूको शिक्षण सिकाइमा प्रविधीमैत्री बनाउँदै लैजाने उद्देश्य अनुसार हरेक कक्षा कोठामा प्रोजेक्टर जडान गरी Class room Digital Techonology in Teacher लागु गरी कार्यान्वयन गर्न हाल १८ कक्षाकोठाहरूमा



प्रोजेक्टर जडान भैसकेको छ । chalk and talk Method को सट्टा अब को Classroom Digital Techonology युक्त बनाउदै लैजाने क्याम्पस प्रमुख हिराकुमार राईले बताउनुभयो ।

## दिक्तेल क्याम्पसलाई सामुदायिक क्याम्पसको प्रमाण पत्र प्राप्त

२०३७ सालमा त्रि.वि.वि.द्वारा सम्बन्धन प्राप्त यस दिक्तेल बहुमुखी क्याम्पसले स्थापनाको ४३ वर्षपछि त्रिभुवन विश्वविद्यालय योजना निर्देशनालय, कीर्तिपुर काठमाण्डौद्वारा मिति २०८०। ४।१८ का दिन क्याम्पस संचालन गर्न दिक्तेल बहुमुखी क्याम्पसले पेश गरेको विद्यान २०७५ र त्रि.वि. सम्बन्धन सम्बन्धी



त्रिभुवन विश्वविद्यालय
योजना निर्देशनालय
कीर्तिपुर, काठमाडौं

प्रमाणपत्र

श्री दिक्तेल बहुमुखी क्याम्पस
दिक्तेल, खोटाङ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त त्यस क्याम्पसले क्याम्पस सञ्चालन गर्न पेश गरेको विधान २०७५ र त्रि.वि. सम्बन्धन सम्बन्धी नियम २०७३ वमोजिम क्याम्पस सञ्चालन प्रयोजनार्थ सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसको रुपमा यो प्रमाणपत्र प्रदान गरिएको छ ।

मिति: २०८०।४।१८

प्रा.डा. ध्रुव कुमार गौतम
योजना निर्देशक

नियम २०७३ वमोजिम क्याम्पस सञ्चालन प्रयोजनार्थ सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसको रूपमा क्यायम्पसले प्राप्त गरेको छ ।

## दिक्तेल बहुमुखी क्याम्पसमा विभिन्न क्रियाकलाप सम्पन्न

२०८० भदौ २२ का दिन दिक्तेल क्याम्पसको वार्षिक शैक्षिक पात्रो अनुसार अन्तर विद्यार्थी वाद-विवाद प्रतियोगिता समपन्न भएको छ । क्यम्पसले विद्यार्थीहरूको विकासका लागि सञ्चालनगर्ने यस्ता कार्यक्रमहरूद्वारा विद्यार्थीहरूमा थप क्षमता विकास गराउन ' विज्ञान बरदान कि अभिसाप' विषयक वाद -विवाद प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरू मध्ये बि. एड. तेश्रो वर्षका मित्रनाथ खनाल प्रथम, व्यवस्थापन संकायका रमेश थापा द्वितीय, बि.एड. दोश्रो वर्षका दिपक भट्टराई तृतीय र बि.बि.एस. प्रथम वर्षकी सुनिता घिमिरे सान्त्वना स्थान हासिल गर्नुभएको



थियो । क्याम्पस प्रमुख श्री हिराकुमार राईको प्रमुख आतिथ्यमा सम्पन्न उक्त प्रतियोगीताको निर्णयको भूमिकामा शिक्षकहरू नयन्द्र कुमार खत्री र मिनकुमार दाहालले गर्नुभएको थियो । बिजेता सम्पूर्ण छात्र-छात्राहरूलाई प्रमुख अतिथि श्री हिराकुमार राईले पुरस्कार वितरण गर्नुभएको थियो । त्यसैदिन यस अघि भएका अतिरित्त क्रियाकलापहरूका बिजेताहरूलाई पनि पुरस्कार बितरण गरिएको थियो ।

यसभन्दा अघि सञ्चालन गरिएका कार्यक्रमहरू नतिजा यस प्रकार छः

| कार्यक्रम | कार्यक्रमको शीर्षक | विजयी विद्यार्थीहरु | स्थान |
|---|---|---|---|
| २०८०/४/१२ | TT प्रतियोगिता | BBS I का किरण महरा<br>BSC II का हरि केसी | प्रथम<br>द्वितीय |
| २०८०/४/१२ | चेस प्रतियोगिता | BA II का उमेश ढकाल<br>BBS I का वरदान राई | प्रथम<br>द्वितीय |
| २०८०/४/२६ | वक्तृत्वकला<br>नेपाली समाज र महिला | BA II का मित्रनाथ खनाल<br>BA IV का सुनिता राई<br>BA II का युवराज खड्का | प्रथम<br>द्वितीय<br>तृतीय |

## प्राध्यापकहरूका लागि १ दिवशीय PPT तालिम सम्पन्न

भदौ २३, २०८० का दिन दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलका शिक्षा विभाग, मानविकी विभाग तथा व्यवस्थापन विभागका प्राध्यापकहरूलाई प्रविधिमैत्री शिक्षण सिकाइका लागि एक दिवसीय Power Point Presentation (PPT) अभिमुखीकरण कार्यक्रम र कर्मचारीहरूका लागि आ-आफ्ना फाँटबाट प्रवाह गर्नुपर्ने सेवाहरू चुस्त-दुरूस्त र छिटो छरितो बनाउने सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । यी कार्यक्रमहरूको सहजीकरण श्री कृष्ण बहादुर राई र सञ्जिव खड्काले गर्नुभएको थियो ।

## पुस्तकालयलाई पुस्तक खरिद प्रकृया अगाडि बढ्यो

दिक्तेल बहुमुखी क्याम्पसमा सञ्चालित कार्यक्रमहरूको सहजीकरण र विकासका लागि करिब रू. ८ लाखमुल्य बराबरको पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू खरिद गर्ने निर्णय भयो । त्यसका लागि हाल विभिन्न पुस्तक बिक्रेताहरूबाट सूची संकलन कार्य भइरहेको छ । यस कार्यको संयोजन पुस्तकालय समितीका अध्यक्ष श्री कृष्ण बहादुर राई र कर्मचारी श्री गोपाल दाहालले गरिरहनु भएको छ । उक्त पुस्तकहरू १० पौष २०८० भित्र क्याम्पसमा आइसक्ने कुरा पुस्तकालय समितीका प्रमुख श्री कृष्ण बहादुर राईले बताउनु भयो । उक्त सहयोग विश्वविद्यालय अनुदान आयोग (UGC) का भौतिक विकास कार्यक्रम अन्तर्गत प्राप्त भएको हो ।